# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



लुम्बिनीमा सिद्धार्थको जन्मदाता महामायादेवी

आषाढ पूर्णिमा

वर्ष– १५ अङ्क– ३ वार्षिक रु. ५०/– मूल्य रु. ५/–

Downloaded from http://www.dhamma.digital

## सम्पादकीय

# लुम्बिनी विकासमा अवरोध ल्याउने कार्य

गत १९ आषाढ राती लुम्बिनीमा विश्व शान्ति स्तूप निर्माण गर्ने कार्यमा संलग्न रहँदै आउनु भएका जापानी भिक्षु युनाताका नावातामेलाई अज्ञात नकावधारी ब्यक्तिहरूले गोली हानी हत्या गरिदिएको दुःखद समाचारले बौद्ध जगतलाई मर्माहत तुल्याएको छ। लुम्बिनी विकास कार्यमा हीलो छ्याप्ने कुनियतपूर्ण दुष्प्रयासको रूपमा रहेको उक्त अप्रिय हत्याकाण्डले लुम्बिनी विकासलाई ठूलो बाधा त पुऱ्यायो नै त्यो भन्दा पनि ठूलो आघात त नेपालको प्रतिस्थामा पुगेको देखिन्छ। किनभने बुद्ध जन्मभूमि जस्तो पवित्र शान्ति स्थलमा त्यस्तो लज्जास्पद, अपवित्र र अशान्तिपूर्ण अप्रिय हत्याकाण्ड हुन पुगेको छ।

यस घटनाले प्रष्ट पारेको छ, लुम्बिनी विकास कार्य तीव्र रूपले भैरहेको देख्न नचाहने ईर्ष्यालु ब्यक्तिहरूले यस क्षेत्रमा बाँकी रहेका अन्य विकास कार्यहरूमा अवरोध आवस् भन्ने हेतुले यसरी अति निन्दनीय ढंगले जापानी भिक्षुलाई कायरतापूर्वक हत्या गरेको।

पञ्चायत कालमा जापानी बौद्धहरूद्वारा पोखरामा बनाइएको विश्व शान्ति स्तूप भत्काई दिएकोले जापानको हृदयमा घाउ भएको थियो। जन आन्दोलन पछि हाल त्यही ठाउँमा फेरि शान्ति स्तूप निर्माण भएकोले घाउमा मल्हम दल्ने काम चाहिं भएको थियो। तैपनि लुम्बिनीमा निर्माण भइरहेको जापानी शान्ति स्तूप निर्माण कार्यलाई श्री ५ को सरकारको तर्फबाट केही सहुलियत सहयोगहरू नपाएको कारणले जापानी बौद्ध पूर्णरूपले सन्तुष्ट थिएनन्।

त्यतिमात्र कहाँ हो र, महामायादेवी मन्दिर जीर्णोद्धार गर्ने सम्झौतालाई पनि उत्खनन् पछि सम्झौता नवीकरण गरी उक्त मन्दिर बनाउन नदिन आलटाल गर्दै बाधा दिइराखेको कारणले पनि जापानी बौद्धहरू अत्यन्त असन्तुष्ट देखिन्थे।

फेरि भरखरै लुम्बिनीमा विश्व शान्ति स्तूप निर्माण कार्यमा संलग्न रहेका जापानी भिक्षुको हत्याले त बलिरहेको आगोमा घ्यू थप्ने काम भएको देखियो।

अतः लुम्बिनी विकास क्षेत्रमा सुरक्षाको ब्यवस्था हुनु अत्यन्त जरूरत देखिएको छ। यसको साथसाथै उक्त हत्याकाण्ड बारे छानबिन गर्न एक उच्च स्तरीय आयोगको गठन तुरून्तै गर्नुपर्ने कुरामा श्री ५ को सरकारले ध्यान दिनु पर्ने भएको छ। अन्यथा नेपाल भ्रमण वर्ष १९९८ लाई समेत यसबाट ठूलो धक्का पुग्न सक्ने र यो नेपालकै प्रतिष्ठाको सवाल हुन आएको कुरामा सबैले ध्यान दिनु पर्ने बेला आएको छ।

---

# धर्म चक्र सूत्रको मुख्य दुई कुरा

चार आर्य सत्यलाई बुझ्न नसक्नुको कारणले मानिसहरू दुई अन्त (छेउ र सीमा) तिर लागेका देखिन्छन्। ती दुई अन्तहरू हुन् – कामेसु काम सुखल्लिकानुयोग अर्थात् पाँच इन्द्रियहरूको माध्यमद्वारा भौतिक सुखमा आसक्त भई विलासितामय जीवन बिताइरहनु पहिलो अति मार्ग हो।

अत्त किलमथानुयोग – खाना नखाई अस्वाभाविक तपस्या गरी शरीरलाई दुःख दिइरहनु र अन्ध विश्वासमा लागिरहनु दोश्रो अति मार्ग हो। यसरी दुई अन्त भन्नाले विलासितामय जीविका गरिरहेका धनीवर्गहरूलाई र निमुखा गरीब वर्गलाई जनाइन्छ। यी दुई अन्त (अति मार्ग) मा नलागी मध्यम मार्गको अनुशरण गर्न सकेमा मात्र दुःखबाट मुक्त पाउन सकिन्छ।

Downloaded from http://www.dhamma.digital

व्यवस्थापक
चिनीकाजी महर्जन

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

सम्पादक
अनगारिका वीर्यवती

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन- २१५०२०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

विशेष सदस्य रु. १०००/- वा सो भन्दा बढी
वार्षिक रु. ५०/-
यस अङ्कको रु. ५/-

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

July 1997

| वर्ष- १५ | अङ्क- ३ | गुरुपुन्ही | श्रावण २०५४ |
|---|---|---|---|




पापको फल नपाएसम्म पापीले पाप गर्नु बेस सम्झन्छ । पापको फल पाएपछि मात्रै उसलाई पापको पूरा परिचय हुन्छ ।

★★★

पहिले अज्ञानी भै पछि फेरि ज्ञानी हुन्छ त्यस्ताले यो संसारमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।

★★★

धर्म आचरण राम्रोसंग गर्नुपर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने मानिसले इहलोक, परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछ ।

★★★

Downloaded from http://www.dhamma.digital

# प्रकृति नाम गरेकी चण्डालिकालाई धर्म दिक्षा

त्यस समय भगवान बुद्ध श्रावस्तीमा अनाथपिण्डकको जेतवन विहारमा रहनु भएको थियो । तथागतका शिष्य आनन्द भिक्षाटनका लागि नगरमा गएका थिए । भोजनोपरान्त आनन्द पानी पिउनका लागि नदीमा जाँदै थिए । उनले नदीमा एउटी केटी घैंटोमा नदीको पानी भरिरहेकी देख्यो । त्यस केटीको नाम प्रकृति थियो । आनन्दले उनीसंग खाने पानी माग्यो । केटीले भनिन् "म चण्डाल कन्या हुँ । त्यसैले मैले पानी दिन सक्दिन ।" आनन्दले भने - "मलाई त पानी चाहिएको छ । तिम्रो जात चाहिएको होइन ।" यो सुनी केटीले आफ्नो भाँडाबाट झिकेर केही पानी दिइन् ।

अनि आनन्द जेतवनमा फर्क्यो । त्यस केटी पनि आनन्दको पछि पछि लाग्दै आएर आनन्दको वासस्थान पत्ता लगाई फर्किन् । केटीले उनको हातबाट पानी खाने भिक्षुको नाम आनन्द हो र ऊ बुद्धको शिष्य रहेछ भन्ने कुरा पनि पत्ता लगाइन् ।

आफ्नो घर पुगेपछि उनीले उनीमाथि घटेका घटनाहरू सबै आमा मातंगीलाई बेलिबिस्तार लगाई भुईंमै लेटी रोइन् । आमा मातंगीले आफ्नी छोरी रूनुको कारण सोद्धा प्रकृतिले भनिन् – "यदि तिमीले मेरो विवाह गरिदिन चाहन्छौ भने म अरू कसैसंग विवाह गर्दिन केवल उही आनन्दसंग विवाह गर्छु ।" आफ्नी छोरीको इच्छा पूरा गर्नको लागि मातंगीले भिक्षु आनन्दको सबै हालखबर पत्ता लगाइन् र फर्केर आई आफ्नी छोरीलाई भनिन् – "छोरी ! तिम्रो विवाह असम्भव छ । किनभने आनन्दले त ब्रह्मचर्य ब्रत गरिराखेको छ ।" यो कुरो सुनी त्यस केटी अत्यन्त दुःखी भइन् । उनीले खानपिन सबै छोडिन् । उनीले आफ्नो भाग्य रेखालाई स्वीकार्न तयार भइनन् । त्यसकारण उनीले भनिन् – "आमा ! तिमीले जादू र मन्त्र जानेकै छौ । यो काम सिद्ध गर्नको लागि तिमीले जादू मन्त्र किन प्रयोग गर्दैनौ ?" मातंगीले भनिन् – "हुन्छ हेरूँला कतिसम्म सफल हुने हो ।"

मातंगीले आनन्दलाई भोजन गराउनको लागि निमन्त्रणा दिइन् । त्यसबेला उनी ज्यादै प्रसन्न थिइन् । त्यहीबेला मातंगीले भिक्षु आनन्दलाई उनकी छोरीले विवाह गर्न व्याकुल भइरहेकी कुरा खुलस्त बताइन् । यस्तो कुरा सुनी भिक्षु आनन्दले भने – "मैले ब्रह्मचर्य ब्रत पालन गरिराखेको छु । त्यसकारण मैले कोही पनि केटीसंग विवाह गर्न सक्दिन ।" मातंगीले भनिन् – "यदि तिमीले मेरी छोरीसंग विवाह गर्दैनौं भने उनीले आत्महत्या गर्नेछिन् । उनको तिमीप्रति त्यति गहिरो आशक्ति भइसकेको छ ।" आनन्दको उत्तर थियो – "म यसमा असमर्थ छु ।"

मातंगीले उनकी छोरीलाई आनन्दले विवाह नगर्ने कुरो बताइन् । प्रकृति चिच्चाईन् – "आमा ! तिम्रो मन्त्र र जन्त्रहरू कहाँ गए त ?" मातंगीले भनिन् – "मेरो मन्त्र र जन्त्रले तथागतको मन्त्र र जन्त्रको बिरूद्ध केही गर्न सक्तैन । " प्रकृति फेरि चिच्याइन् – "आमा ! ढोका लगाइ देऊ । उसलाई नपठाऊ । हेरूँला म, आज राती उसले मलाई पत्नीको रूपमा कसरी नस्वीकार्ला ।" आमाले पनि छोरीले सिकाए जस्तै गर्न थालिन् । राती भएपछि मातंगीले कोठामा ओछ्यान लगाइदिइन् । प्रकृतिले आफूलाई सकेसम्म राम्ररी श्रृङ्गार गरी भिक्षु आनन्द बसेको कोठामा पसिन् । तर आनन्दलाई यसले केही प्रभाव पार्न सकेन । अन्त्यमा केही नलागी मातंगीले आफ्नो जादू र मन्त्र प्रयोग गर्न थालिन् । परिणाम स्वरूप कोठामा आगलागी भयो । मातंगीले आनन्दको लुगा समाती भनिन् - "यदि तिमीले अब पनि मेरी छोरीसंग विवाह गर्न स्वीकार गर्दैनौ भने मैले तिमीलाई यही आगोमा होमिदिन्छु ।" तैपनि आनन्द झुकेन । यसरी आमा छोरी दुबैले हार मान्नै पऱ्यो । अनि दुबैले आनन्दलाई स्वतन्त्र गरिदिए । फर्केर आएपछि आनन्दले आफूप्रति दिनभरी घटेका घटनाहरू तथागतलाई सुनाए ।

अर्को दिन प्रकृतिले आनन्दलाई खोज्दै जेतवन विहारमा आए । त्यसबेला आनन्द भिक्षाटनका लागि



Downloaded from http://www.dhamma.digital

निस्कँदै थिए । केटीलाई देख्ने बित्तिकै आनन्द उनीसंग बचन खोज्यो । तर त्यस केटीले जहाँ जहाँ आनन्द जान्थ्यो त्यहीं त्यहीं पीछा गर्न थाल्यो । जब आनन्द भिक्षाटन पछि फर्क्यो, तब उनले त्यस केटीलाई जेतवन विहारको ढोकानिर उभिएर उनकै प्रतिक्षा गरिराखेको देख्यो । आनन्दले तथागत समक्ष गई प्रकृतिले उसको पीछा गरिरहेको बारे सबै कुरा बताए ।

अनि तथागतले प्रकृतिलाई बोलाउन पठाउनु भयो । जब प्रकृति अगाडि आइन्, तथागतले उनीलाई प्रश्न गर्नुभयो – "तिमी किन आनन्दको पछि लागेकी ?" प्रकृतिले आनन्दसंग विवाह गरेरै छोड्ने उत्तर दिइन् । उनीले भनिन् – "मैले ऊ अविवाहित छ भनेको सुनेकी थिएँ । म पनि अविवाहित नै छु ।" बुद्धले भन्नुभयो – "आनन्द त एक भिक्षु हो । उसको टाउकोमा कपाल छैन । यदि तिमीले पनि उसले जस्तै कपाल काट्छौं भने मैले हेरूँला केही हुन सक्छ कि ।" प्रकृतिले भनिन् – "यसको लागि म तयार छु ।" बुद्धले भन्नुभयो – "कपाल काट्नु अगाडि तिमीले तिम्री आमासंग अनुमति लिएर आउनु पर्छ ।"

प्रकृति उनकी आमाकहाँ गई भनिन् - "आमा ! तिमीले गर्न नसकेको काम मैले गरिसकेकी छु । यदि मैले कपाल काटें भने मेरो विवाह आनन्दसंग गरिदिने भनी भगवान बुद्धले मलाई वचन दिनु भएको छ ।" मातंगी रिसाउँदै बोलिन् - "तिमीले यस्तो काम गर्न पाउँदैनौ बुझ्यौ ? तिमी त मेरी छोरी हौ र तिमीले कपाल पाल्नै पर्छ । तिमी आनन्द जस्तो श्रमणसंग विवाह गर्नका लागि किन तड्पिन्छौ ? मैले तिम्रो लागि कुनै एक असल केटो खोजी विवाह गरिदिन्छु ।"

प्रकृतिको उत्तर थियो – "म आनन्द संगै विहे गर्छु होइन भने म मर्छु । अरू कुरो हुनै सक्दैन ।" मातंगीले भनिन् – "तिमी मेरो अपमान किन गर्छौ ? प्रकृति – "यदि तिमीलाई म मनपर्छ भने मैले जे चाहन्छु त्यही गर्न दिनु ।" छोरीले यति भनेपछि मातंगीले आफ्नो बिरोध फिर्ता लिनै पऱ्यो र फलस्वरूप प्रकृतिले कपाल काटिन् ।

कपाल काटीसकेपछि तथागतले प्रकृतिलाई प्रश्न गर्नुभयो – "आखिर तिमी के चाहन्छौ ? आनन्दको शरीरको कुनचाहिं भागसंग तिम्रो प्रेम छ ?" प्रकृतिले भनिन् – "मैले उसको नाकलाई मन पराउँछु । मैले उसको आँखालाई मन पराएकी छु । फेरि मैले उसको चाललाई मन पराएकी छु ।"

अनि तथागतले भन्नुभयो – "के तिमीलाई थाहा छ ? आँखा त आँसुहरूको अड्डा हो । नाक त सिंगानको घर हो । मुखमा थुकले मात्र भरेको हुन्छ । कानमा पनि कानेगुजी जस्ता फोहरहरूले मात्र भरेको हुन्छ र शरीर पनि मलमूत्रहरूको घर हो । जब स्त्री-पुरुषको सहवास हुन्छ, तब त्यहाँ बच्चाको जन्म हुन्छ । जहाँ जन्म हुन्छ, त्यहीं मृत्यु पनि हुन्छ । जहाँ मृत्यु छ, त्यहाँ दुःख पनि छ । नानी ! तिमीले आनन्दसंग विहे गरेर कस्तो उपलब्धी पाउने होला भन्ने विषयमा मैले केही भन्न सक्दिन ।"

(तथागतको यस्तो अमूल्य उपदेश सुनिसकेपछि) प्रकृतिले तथागतलाई अभिवादन गरी भनिन् – "अज्ञानको वशमा परी मैले आनन्दको पछि लागें । अब मेरो आँखा खुल्यो । म त त्यस नाविक (माझी) हुँ जसको नौका (डुङ्गा) दुर्घटना भएपछि अर्को किनारमा राखिएको छ । म त्यस्तो बेसहारा वृद्ध पुरुष हुँ जसलाई सुरक्षा मिलिसकेको छ । म त्यस्तो कानो पुरुष हुँ जसलाई आँखा मिलिसकेको छ । तथागतको ज्ञान अमृतले मेरो आँखा खोलिदियो ।"

"भाग्यवान् हौ तिमी हे प्रकृति ! यद्यपि तिमी चाण्डाल कन्या हौ । तर तिमीले श्रेष्ठ पुरुषहरू र स्त्रीहरूको लागि आदर्शमयी काम दिन सक्छौ । तिमी "नीच" जातिकै भएपनि जाति ब्राम्हणले तिमीसंग शिक्षा ग्रहण गर्नेछ । न्याय तथा धर्मको मार्गबाट विचलित नहुनु तिमी । तिम्रो कीर्ति राजसिंहासनमा बस्ने रानीहरूको कीर्ति भन्दा बढी हुनेछ ।"

विवाहको कुरो सिद्धिसकेपछि अब उसको सामु "भिक्षुणी संघ" मा सम्मिलित हुनु बाहेक अर्को बाटो थिएन । त्यसैले उनीले भिक्षुणी बन्ने इच्छा प्रकट गरिन् र उनीलाई संघमा भित्र्याइयो । यद्यपि उनी निःसन्देह "नीचतम" जातिकी थिइन् ।

(साभार – भगवान बुद्ध और उनका धर्म)



Downloaded from http://www.dhamma.digital

# परियत्ति शिक्षा

✍ अनगारिका कुसुम

भगवान बुद्धले देशना गर्नुभएको शिक्षालाई तीनवटा खुड्किलोमा विभाजन गरिएका छन् ।

(१) परियत्ति - बुद्ध शिक्षामा आधारित त्रिपिटक पालि र अर्थकथाको अध्ययन गर्नु ।

(२) पतिपत्ति - बुद्ध शिक्षा अध्ययन गरिसकेपछि त्यस शिक्षालाई आफ्नो जीवनको दैनिक व्यवहारमा प्रयोग गर्ने अर्थात् आफ्नो चरित्रलाई सुधारी मैत्रीपूर्वक र स्वविवेकपूर्वक जीवन यापन गर्नु ।

(३) पतिवेध - यसरी सदाचारी भई जीवन यापन गर्ने व्यक्तिको चित्त निर्मल हुँदै गएपछि दु:खबाट मुक्ति फल अर्थात् निर्वाण फल अनुभव हुनु ।

यसरी बुद्धले दिनु भएको शिक्षा र सद्धर्म बुझ्नको लागि शैद्धान्तिक र प्रयोगात्मक अध्ययनको जरूरत पर्दछ । एकैपटक मार्गफल अर्थात् निर्वाण फललाई साक्षात्कार गर्ने कार्य त्यति सजिलो छैन । आफूले अध्ययन गरेको सही शिक्षालाई सही तरिकाले अभ्यास गरी परम्परादेखि आफूमा जरो गाडेको नराम्रा आचरण, व्यवहार र कुसंस्कारहरूलाई त्यागिसकेपछि मात्र पतिपत्ति र पतिवेध शिक्षाको तहमा पुग्न सकिन्छ ।

बुद्ध जन्मनुभएको पावन भूमी हाम्रो देश नेपालमा वि.सं. २०१९ साल देखि त्रिशुली सुगतपुर विहारमा भिक्षु बुद्धघोष महास्थविरबाट परियत्ति शिक्षाको अध्ययन र अध्यापन कार्यको थालनी भएको थियो । बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य दुवैको संयुक्त प्रयासबाट नेपाल भिक्षु महासंघ समक्ष प्रस्ताव पेश गरी यस शिक्षालाई "नेपाल बौद्ध परियत्ति शिक्षा" भनी नामाकरण गरी यसलाई वि.सं. २०२० साल देखि नेपाल अधिराज्य भरी लागु गरियो । यस शिक्षाको अध्ययन अवधि १० वर्ष सम्मको हुने निधो गरियो ।

वि.सं. २०२० देखि २०५३ सम्ममा धेरै विद्यार्थीहरूले परियत्ति शिक्षाको अध्ययन गर्नुको साथसाथै अध्यापन पनि गरिएको देखिन्छ । परियत्ति शिक्षाको अध्ययनले मनुष्य जीवनको मूल्य, शील सदाचारको साथसाथै लौकिक र लोकुत्तर ज्ञानहरू पनि प्राप्त गर्न सक्षम हुनेछ । यसको साथसाथै यस शिक्षाको महत्त्वलाई आफ्नै अनुभवले बुझ्न सक्यौं र चिन्तन मनन् गर्न सक्यौं भने मात्र आफ्नो मनलाई सुख र दु:खले विचलित नपारी समतापूर्वक धैर्य गरी हामीले मानसिक शान्ति प्राप्त गर्न सक्नेछौं । त्यसैले होला, परियत्ति शिक्षा अध्ययन गरिसकेका विद्यार्थीहरू धेरैजसोले सदाचारी, शिक्षित र धार्मिक व्यक्ति बन्दै सभ्य नागरिकको रूपमा सफलता हासिल गरेका देखिन्छन् । यस शिक्षाले गर्दा धेरै जसो आमाबुबाहरूले आफ्ना छोराछोरीहरूलाई आज्ञाकारी भएको देख्न पाएका छन् भने कैयौं छोराछोरीहरूले पनि विवेक र नैतिकताले भरेका आमाबुबाहरूलाई पाउन सफल छन् ।

आजभोलिको दूषित वातावरणमा हुर्केका धेरै जसो युवा युवतीहरू कुलत र दुर्व्यशनमा परी उनीहरूले आफ्ना अमूल्य जीवनलाई खेर फालिरहनुको मुख्य कारण पनि यस्तै रचनात्मक शिक्षा (परियत्ति शिक्षा) पाउन नसक्नु हो । त्यसैले आफ्ना छोराछोरीहरूको सुनिश्चित भविष्य देख्न चाहने प्रत्येक आमाबुबाले आफ्ना छोराछोरीहरूलाई परियत्ति शिक्षा अध्ययन गराई आफ्नो कर्त्तव्य निभाउनु परेको छ ।

बुद्धले हामी सबैलाई समझदारी, विवेकी बनाई हाम्रो वर्तमान र भविष्य जीवन सुधार्नको लागि अमूल्य मन्त्रको रूपमा दिनु भएको बुद्ध शिक्षालाई संरक्षण र चिरस्थायी गर्नका लागि परियत्ति शिक्षा प्रचार प्रसार गर्नु नितान्त आवश्यक देखिन्छ । यस आवश्यकतालाई पूरा गर्न हाल केही हदसम्म पाइला चालिएको पनि देखिन्छ । यसको श्रेय "नेपाल बौद्ध परियत्ति शिक्षा" लाई सञ्चालन गरिरहनु भएका अखिल नेपाल भिक्षु महासंघ र प्रशिक्षण कार्यमा कार्यरत रहनुभएका शिक्षक शिक्षिकाहरूलाई नै दिन सकिन्छ । त्यतिमात्र होइन हाल अर्को खुसीको कुरो पनि थपिएको छ, त्यो हो, बुद्धको जन्मस्थान लुम्बिनीमा माध्यमिक स्तरीय परियत्ति शिक्षाको अध्यापन कार्य शुरू हुनु ।



Downloaded from http://www.dhamma.digital

परियत्ति शिक्षा प्रचार प्रसार गर्ने सिलसिलामा नेपालमा करीव १५ वटा केन्द्रहरू सञ्चालित छन् । पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकहरू पनि अत्यन्त सारगर्भित छन् । तैपनि भविष्यमा परियत्ति शिक्षालाई अझ लोकप्रिय बनाउनका लागि सम्बन्धित निकायले पाठ्यपुस्तकलाई केही संशोधन गर्नुपर्ने महसूस गरिएको देखिन्छ र पाठ्यक्रममै गाभिएका कुनै कुनै पुस्तक अभाव भइराखेको पनि देखिन्छ । उदाहरणको लागि कोविद प्रथम वर्ष देखि अन्तिम वर्षसम्मको कक्षाका पाठ्यपुस्तकहरू उपलब्ध गर्न विद्यार्थीहरूलाई अत्यन्तै गाऱ्हो भइराखेको छ । यस विषयमा नयाँ संस्करण प्रकाशित गर्नुपर्ने देखिन्छ । फेरि कक्षाको स्तर अनुसार पाठ्यपुस्तकहरूको स्तरलाई निर्धारण गर्नुपर्ने आवश्यक देखिन्छ । दोश्रो कुरो पाठ्यपुस्तकहरू सैद्धान्तिक मात्र नभई सरल भाषामा व्यवहारिक रूपमा प्रकाशित भएमा बढी भन्दा बढी विद्यार्थीहरू यस शिक्षाप्रति आकर्षित हुन सक्ने आशा लिन सकिन्छ ।

प.स.पा.को उपाधि कक्षा देखि कोविद अन्तिम वर्ष सम्मका पाठ्यपुस्तकहरूमा तल उल्लेखित विषयहरू गाभ्न पाए अझ राम्रो हुने देखिन्छ ।

नेपालमा बुद्ध धर्मको विकासक्रम (महायान, थेरवाद, बज्रयान), बौद्ध कला, सँस्कृतिको विषय, सामाजिक व्यवहारहरूमा प्रचलनको रूपमा चल्दै आइरहेको जातिभेद प्रथालाई हटाई एक आपसमा समानता ल्याई एकता कायम गराउन सक्ने खालका पुस्तकहरू ।

त्यति मात्र होइन प.स.पा.को प्रारम्भिक कक्षामा पाठ्यपुस्तकहरूको सुपथ मूल्य हुनुपर्ने, पाठ्यपुस्तकहरू नेपाली भाषामा पनि उपलब्ध गराइनु पर्ने र पाठ्यपुस्तकहरू उपलब्ध हुने स्थान निर्धारण हुन सकेमा विद्यार्थीहरूलाई प्रोत्साहन हुने महसूस गरिएको छ । त्यस्तै उपाधि कक्षा देखि अध्यापन गराउन चाहिंदो मात्रामा शिक्षक शिक्षिकाहरू उपलब्ध गराइदिन पाए अझ सुनमाथि सुगन्ध हुने थियो ।

बौद्ध परियत्ति शिक्षा विकास कार्यमा आवश्यक देखिएका माथि उल्लेखित केही तत्त्वहरूलाई मनन गरी यथाशिघ्र यसलाई पूर्ति गर्न सकेमा भविष्यमा यस अमूल्य शिक्षाको विकासले नयाँ मोड लिने आशा गर्न सकिन्छ । ■

---

# पञ्चशील

✍ तारा डंगोल

"ध.बौ.अ.गो." को सह-कोषाध्यक्ष

पञ्चशीलको व्याख्या गर्नुभन्दा पहिला शील भनेको के हो ? भन्ने बारेमा जानकारी लिनु राम्रो हुनेछ । शील भनेको अनुशासन हो । त्यसैले शील मानिसको गहना हो । शील ३ प्रकारका छन् ।

(१) पञ्चशील (२) अष्टशील (३) दशशील

यी ३ प्रकारका शीलहरूमध्ये गृहस्थहरूले सभ्य बन्नको लागि पालन र मनन गर्नुपर्ने शील पञ्चशील हो । पञ्चशील पालन नगर्ने मानिसमा मनुष्यमा हुनुपर्ने गुण नहुन सक्छ अर्थात् उसको व्यवहार मनुष्यको रूपमा पशु सरहको हुनेछ । पञ्चशीललाई व्यवहारमा उतार्न सक्ने मानिस अनुशासित भई उनले शान्त र सरल रूपमा जीवन जिउन सक्नेछ । पञ्चशील (पाँचवटा अनुशासन) यी हुन् –

(१) हिंसा नगर्नु (२) चोरी नगर्नु (३) व्यभिचार नगर्नु (४) झूठो नबोल्नु (५) सुरापान (जाँड रक्सी आदि अम्मल लाग्ने मादक पदार्थहरू) को सेवन नगर्नु ।

यी पाँचवटा अनुशासनलाई पालन गरी अरूलाई पनि आफू जस्तै सम्झी आफूलाई मन नपर्ने व्यवहार अरूलाई पनि नगरी आफूभित्र प्रज्ञारूपी ज्ञानको वत्ती बालेर अन्धकार हटाउन सकेमा उसले स्वर्गरूपी जीवन जिउन सक्नेछ । उसले सुख र शान्तिको लागि कतै पनि भौंतारिनु पर्दैन । त्यस अनुशासित व्यक्ति सबैसंग मिलिजुली बस्न सक्छ, उसको अर्काप्रति इर्ष्याभाव, द्वेषभाव घट्दै जाने हुनाले अरूसंग झैझगडा हुने सम्भावना कम नै हुन्छ । त्यसकारण पञ्चशीललाई मानिसको शीरको रूपमा लिन सकिन्छ । ■



Downloaded from http://www.dhamma.digital

# बुद्धका वचनहरू पढेपछि

✍ आनन्द प्रधान, मैतीदेवी

विशाल हृदयका धनी ज्ञानका भोका गौतम बुद्धले २९ वर्षकै उमेरमा सम्पूर्ण राजपाट त्यागेर र ऊरूबेलामा गई ६ वर्ष कठोर विपश्यना ध्यान गरेर आर्जन गरेको लोक कल्याणकारी ज्ञानलाई सामाजिक जनजीवनमा समेत उतार्न लगाउन समकालीन र तपस्वीहरूको सहयोग लिनु भयो र सर्वत्र व्यवहारिक ज्ञानको प्रचार प्रसार गर्नुभयो । विभिन्न स्थानको भ्रमणको क्रममा आफूले भेटेका र भेट्न आएका राजामहाराजादेखि रङ्कसम्म, नगरबधूदेखि विदूषीसम्म, धनी-गरीब, मूर्खदेखि पण्डित विद्वानसम्म, हत्यारा डाँकादेखि धर्मात्मासम्म र बौलाहादेखि सज्जनसम्मका सबै क्षेत्रका सबै किसिमका ब्यक्तिहरूसित कुनै कुराको भेदभाव नराखी ब्यक्तिगतरूपमा, समूहमा र समुदायमा भेट्ने धर्मोपदेश सुन्ने, ज्ञानका कुरा गर्ने र बुझ्ने काममा समान अवसर प्रदान गर्नुभयो ।

उक्त विभिन्न अवसरमा व्यक्त गर्नुभएका अभिव्यक्तिहरू (वचन) कुनै कपोलकल्पित अथवा मन-गढ़न्त नभएर समाजमा तथा प्रकृतिको काखमा घटेका घटनाहरूले उब्जाएका राम्रा वा नराम्रा परिणामलाई आधार बनाएर जस्तो देख्नुभयो त्यस्तै सारांशमा मार्मिक ढंगबाट व्यक्त गरिएका कुराहरू हुन भन्ने कुरा स्पष्ट छ । घटना नघटीकन विना आधारको अभिव्यक्ति बन्दैन । अभिव्यक्तिको किसिम घटनाको प्रकृतिमा निर्भर गर्दछ र त्यो सत्य हुन्छ ।

बुद्धको लक्ष्य मानव समाजको हित गर्नु रहेकोले यस्ता प्रभावकारी अभिव्यक्तिहरूले बुद्धद्वारा प्रतिपादित मानव धर्मबारे रचिएका बौद्ध बाङ्मयहरूमा समुचित स्थान पाउनु महत्वपूर्ण कुरो हो । यी अभिव्यक्तिहरू संक्षिप्त छ, यथार्थ छ र यसमा सम्पूर्णता छ । अन्य जनभाषाहरूमा पनि यी अभिव्यक्तिहरूलाई अनुवाद गरेर प्रचार-प्रसार गरिनु उचित छ । यस्तो कार्यबाट हितोपदेशको महत्व त बढ्छ नै पढ्ने र सुन्ने व्यक्ति समेत लाभान्वित हुन पुग्दछ ।

अभिव्यक्तिहरू बारे चिन्तन मनन गर्दा एउटा के कुरो स्पष्ट हुन्छ भने घरपरिवारहरू मिलेर बनेको समाजमा व्यक्तिको व्यक्तित्वको विकास हुन्छ र व्यक्तिको व्यक्तित्वमा घरपरिवार र समाजको छाप परेको हुन्छ । मानिस सामाजिक प्राणी भएकोले व्यक्ति व्यक्तिको आचार, विचार, बोलीचाली, रहन-सहन, उठाइ बसाई, रूची, धारणा र विश्वासको अतिरिक्त जाति, धर्म, संस्कृति, रूप र रंग भिन्न-भिन्न हुनाको कारणले गर्दा विश्व मानव समाजमा समन्वय, समाञ्जस्यता, सहिष्णुता र एकता स्थापन हुन नसक्नु कतिपय कारणहरू मध्येका यी जल्दा बल्दा कारणहरू हुन । तर यत्तिका विविधता भए पनि एउटासत्य कुरो चाँहि के हो भने विश्वको एक कुनामा बस्ने मानव समाज र त्यसको ठीक विपरीत दिशामा अर्को कुनामा धेरै टाढ़ा बस्ने मानव समाजको सुख र दुःखको अनुभूति उस्तै र एउटै भएकोले समाजले भोगेका तीतामीठा अनुभव अथवा राम्रा-नराम्रा चिन्तनहरू अनावश्यक र अनुपयोगी छ भन्नु उचित ठहरिदैन । जति पनि अभिव्यक्तिहरू पढ़ियो ती सबै हृदयस्पर्शी, शिक्षाप्रद, शान्तिप्रद, प्रेरणाप्रद र कल्याणप्रद छ । उदाहरणको निमित्त तल दुईवटा मात्र वचनहरू (अभिव्यक्ति/हितोपदेश) उद्घृत गरेको छु –

(१) "शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ त्यो भन्दा बढ़ता हानी कुमार्गमा लागेका आफ्नै चित्तले पुऱ्याउँछ ।"

(२) "आफ्नो मूर्खतालाई चिन्न सक्ने मानिस नै पण्डित कहलाइन्छ, मूर्ख भइकन पनि पण्डित हुँ भन्नेलाई मूर्ख भन्दछन् ।"

माथिका वचनहरू यति कटु सत्य छ र स्पष्ट छ जसबारे यहाँ भाषामा विराटरूपमा व्याख्या गर्न आवश्यक देखिदैन ।

बुद्धका मुखारविन्दबाट निःसृत वचनहरूले राज्यको सीमालाई नाघेर तथा मानव जातिले श्रृजना गरेका जात, जाति, समाज, धर्म र संस्कृतिलाई उछिनेर



Downloaded from http://www.dhamma.digital

सबै मानवको शारीरिक रचना एउटै हृदय एउटै रगत एउटै समस्या उस्तै र अनुभव पनि उस्तै हो र कोही कसैदेखि टाढ़ा छैन भनेर स्मरण गराउँदछ । यसैकारण "वसुधैव कुटुम्बकम्" त्यसै भनिएको होइन । वचनहरू जीवन्त हुनाको कारण त्यसमा उल्लेख भएका बुद्धका पात्र-पात्रीहरूको चयन सही हुनु र तिनीहरूले खेलेको भूमिका सही हुनु हो । वचनहरू पढ्दा वा सुन्दा जस्तो सुकै विचारधारा राख्ने मानिस किन नहुन उसको मनमा घत जाने किसिमका ती वचनहरूले केही क्षण स्वस्थ्य मस्तिष्कले सोच्न बाध्य तुल्याउँछ । जे भए तापनि हामीलाई दिव्य शिक्षा दिनु हुने बुद्धका अमृत समानका वचनहरू बोधगम्य छ । पढ्न योग्य छ । चिन्तन मनन गर्न योग्य छ । सदैव सोही अनुरूप मनमा ख्याल राखेर चल्न योग्य छ ।

■

## मेरी आमा

✍ धर्मराज तामाङ्ग

समुन्द्र तटमा सहेल गरी स्थिर रहेकी
हिमाल तिमाल भोट र तराई हिमनदी वहेकी
विश्वलाई ज्योति देखाई दियौ हे आमा ! नेपाल
विश्वमा तारा उदाय हाम्रो उत्तर हिमाल
शुद्ध र मुक्त जन्मिए बुद्ध यो हाम्रो नेपाल
धर्म र कर्म मुक्तिको भरमा आत्मा छ विशाल
तिम्रै हो सन्तान मुक्तिको बुद्ध तिमीलाई सुहाउने
जन्मिय सन्तान थरी थरीका तिमीलाई रूवाउने
कतै छ शासन कतै छ भाषण दाज्यू र भाईको
काटक्ष सधै देख्नु छ कतै अंश र बंशको
छैनन न्यायका गुरु कुनै अन्यायका दुशमन
देसैनासीय राष्ट्र मासीय गर्छौं त के लौ भन ?
नेपाल खाल्टो नागको कुण्ड रक्तको कुण्ड भो
धर्म र कर्म खोला र नाला परिवार नियोजन भो
शान्तिको सन्देश बोकेर ल्याउने कहिले हुने ?
गाँस र बास कपास सधै व्यवस्था गर्ने को ?
तेत्तिसकोटी यदुबंशी झैं नासी देला भनी
गर्जिरहेछ सिंह वरिपरि एकगाँस लाउँ भनी
भो प्राण नलेउ है बाल बृद्ध नरको
शान्तिको शन्देश फिजाउँ बरू विश्व भरको

## हे मन !

✍ राज शाक्य, कालिम्पोंग

हे मन !
तिमी हौ जीवन
तिम्रो इच्छाले नै
जन्म हुन्छ
मानव तन ।१।

हे मन !
तिमी नै हौ कर्म
सत्-असत् गति दिलाउने
भई कर्ता
जन्म-मरण चक्रमा घुमाउने ।२।

हे मन !
तिमी हौ चंचल
दिन्छौ रोग
बैचैनी, अशान्ति, ब्याकुलता
अंगाली द्वेष ईर्ष्या ।३।

हे मन !
तिमी हौ तारक
पन्छाई विकार, अपनाए विपश्यना
पुऱ्याउने भव पार
गरे शुद्ध चित्त भावना ।४।

हे मन !
अत:
तिमी नै रहेछौ सृष्टि कर्ता
ईश्वर होइन रहेछ
मानवको हर्ता कर्ता ।५।

❀❀❀



Downloaded from http://www.dhamma.digital

# मैत्री संघको मैत्री भ्रमण

✍ विश्व शाक्य

बुद्ध शिक्षालाई व्यवहारिक रूपमा प्रचार प्रसार गर्ने उद्देश्यले मैत्री संघ, पोखराको बैधानिक गठन पछि संघका सचिव गोविन्द भाईले संघका सदस्यहरूलाई नै बुद्ध शिक्षा बारे प्राथमिक जानकारी दिलाउनु पर्ने बारे आग्रह भैरह्यो। संघका सदस्य भाई-बहिनीहरूले पनि विशेष चासो राखेको देखियो। यही श्रद्धा र चासोलाई मध्यनजर राखी व्यवहारिक बुद्ध शिक्षा बारे जानकारी लिने हेतुले धरानबाट श्रद्धेय भिक्षु विशुद्धानन्दलाई बोलाउने काम भयो। उहाँ पोखरा आइदिनु भयो। २०५३ माघ २६ गते देखि फागुन ३ गतेसम्म प्रत्येक विहान २ घण्टा बुद्ध शिक्षाबारे प्रशिक्षण कार्यक्रम सुसम्पन्न भयो। यो प्रशिक्षण कार्यक्रम धेरै ज्ञानवर्धक र उपयोगी रहेको सहभागीहरूले अनुभव गरे। यही अनुभवलाई किन बाहिर जिल्लाका बौद्ध मार्गीहरू बीच नपुऱ्याउने ? भन्ने विषयमा चिन्तन भयो। गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारमा केही युवा बौद्धहरू बुद्ध शिक्षा बुझ्नमा श्रद्धावान रहेको सुनेका थियौं। हामीले तिनै श्रद्धावान युवाहरूसंग सम्पर्क राख्ने निधो गऱ्यौं। सम्पर्क स्थापित गऱ्यौं। सम्पर्क भयो। फागुन ४ गते शनिवार अष्टमीको दिन कार्यक्रम राख्ने निश्चित भयो। उनीहरू पनि उत्साहित भए।

पोखरामा संचालित एक हप्ते कार्यक्रम फागुन ३ गते शुक्रवार विहान समापन भयो। विशुद्धानन्द भन्ते पोखराबाट सोझै काठमाडौं जाँदै हुनुहुन्थ्यो। भन्ते जब काठमाडौं नै जाँदै हुनुहुन्छ भने एकदिन गोरखा पसेर काठमाडौं जानमा के फरक पर्ला र ? यही सदासयता राखी पोखराका भिक्षु श्रद्धानन्दज्यूलाई पनि साथलिई तीसौं वर्षदेखि ज्ञानमाला भजन गायन गरेर हिंड्नु भएका प्रज्ञारत्न बज्राचार्यलाई समेत साथ लगाई हामी आठ जवानको डफ्फा दिउँसो २ बजेको बसबाट गोरखा तर्फ लाग्यौं। साथमा गोविन्दबहादुर ताम्राकार (सविच, मैत्री संघ) विक्रम उदास (उपाध्यक्ष मैत्री संघ) र सदस्य सरोजमान उदास थिए। हाम्रा साथमा तबला वादक श्रद्धेय रामगोपाल दाई पनि हुनुहुन्थ्यो।

दिउँसो २ बजे चढेको बसेले साँझ ५ बजेतिर आँबु खैरनी पुऱ्याई दियो। बसबाट हार्मोनियम, तबला र अरू सामान निकाल्यौं। गोरखा-आँबु खैरनीबाट २४/२५ किलोमिटर टाढा छ। गोरखा-आँबु खैरनीको बस संचालन रहेनछ। बाहिरबाट आएको बस कुर्नु पर्ने रहेछ। निक्कैबेर बस कुर्नु पर्ने हुन्छ होला भनेको गोरखाबाटै आएको बस उतै फर्कने रहेछ। झट्पट् बसमा चढेर दुई ठाउँको सिट ओगट्यौं। एउटामा दुईजना भन्ते र अर्कोमा रामगोपाल दाई र सरोजदाईलाई बसाल्यौं। बिक्रम त छत माथि बस्न गयो। गोविन्द, यस पंक्तिकार र प्रज्ञादाई उभिनमा पऱ्यौं। साँझ परिसकेको र आउने बसको पनि अनिश्चितता भएको कारण मान्छे यत्ति बिग्न कोचिइयो कि १०/११ किलोमिटरको गन्तव्यसम्म यस पंक्तिकारको एउटा खुट्टाले बाहेक टेक्ने ठाउँ नै पाउन सकेन। १३ किलो भन्ने ठाउँमा पुगेपछि अलि होलो अनुभव भयो। यो भीड हुनुको अर्को कारणमा भोलिको दिन शनिवार र अष्टमी पनि परेको हुँदा गोरखकाली मन्दिरमा बलि चढाउनेहरूको निक्कै भीड लाग्दो रहेछ। त्यही भएर पनि गाडीमा यस्तो भीड भएको रहेछ।

बेलुकी ७ बजेतिर हामी गोरखा बसपार्कमा वर्ल्यौं। रात परिसकेको हुँदा त्यसबेला केही कार्यक्रम गर्ने मेसो भएन। गोरखाका भाईहरूले होटेलको व्यवस्था गरेका रहेछन् हामी होटेलमा आराम लिन थाल्यौं। खाना खाइवरी सकेर केही भाई बहिनीहरू भोलिको कार्यक्रमको लागि होटेल आए। त्यहीबेला कुराकानीको दौरान थाहा पायौं गोरखामा केही वर्ष यता स्थानीय बौद्ध युवा युवतीहरू संगठीत भएर "बौद्ध धर्म सेवा समिति" को नामबाट एउटा संस्था स्थापना गरेका रहेछन्। यस संस्था अन्तर्गत शाक्य, गुरूङ्ग, थापा र राई युवाहरू संगठीत भएका रहेछन्। यसै संस्था मातहत रहेर गतसाल बौद्ध जयन्ती कार्यक्रम मनाएका रहेछन्। युवा भाईहरूसंगको भेटघाट पछि भोलि विहान ८ बजे बुद्धपूजा र अन्य कार्यक्रम राख्ने निधो भयो। उहाँहरू जानुभयो।

भोलिपल्ट विहान निश्चित समयमा हामी महेन्द्र ज्योति मा.वि.को प्राङ्गणमा पुग्यौं। यो ठाउँ बजार भन्दा



Downloaded from http://www.dhamma.digital

अलि माथि रहेछ । त्यहाँ उपस्थित टेकबहादुर गुरूङ्ग लगाएत अरूसंग पनि केही बेर कुराकानी भयो । टेकबहादुर गुरूङ्गज्यूको भनाई अनुसार श्रृंगी हिमालको फेदीमा रहेको "श्रृंगी गोम्वा" जुन कि गा.वि.स. गोरखामा पर्दछ, त्यस्तै "राजेन गोम्वा", छेकेनपारा गा.वि.स.को लायर भन्ने ठाउँमा रहेको र मनासुलु हिमालको फेदीमा सामा गाउँमा रहेको "सामा गोम्वा" गोरखा जिल्ला भरिमा नाम चलेको ठूलो गोम्वा रहेको थाहा भयो । श्रृंगी गोम्वा श्रृंगी ऋृषिले स्थापना गरेको भन्ने किंबदन्ति रहेको कुरा पनि टेकबहादुर गुरूङ्गज्यूले बताउनु भयो । राजेन गोम्वामा ढुक्पा रिम्पोछे रहनु भएको र उहाँ तिब्बतमा जन्मनु भएको भएता पनि अवतार यहींको भएको हुँदा यतै आएर बस्नु भएको भन्ने थाहा भयो । श्रृंगी र राजेन गोम्वामा धेरै संख्यामा बौद्ध लामा र अनिहरू रहेको तथा बौद्ध शिक्षा पठन पाठन गराइने कुरा पनि बताउनु भयो ।

विहान ८:३० बजेतिर पञ्चशील ग्रहण र बुद्धपूजाबाट शुभारम्भ भएको कार्यक्रम १०:३० बजेतिर समापन भएको थियो । "बौद्ध धर्म सेवा समिति" गोरखाका युवाहरूको सक्रियतामा अध्यक्ष मोहनरत्न शाक्यको अध्यक्षतामा संचालन भएको त्यस कार्यक्रममा पोखराबाट जानु भएका मैत्री संघका सचिव गोविन्दबहादुर ताम्राकार तमु होंजधिब्योरखाका अध्यक्ष श्री जगनबहादुर गुरूङ्गले बुद्ध धर्म र शिक्षा बारे आ-आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो । धरानबाट पाल्नुभएका श्रद्धेय भिक्षु विशुद्धानन्दले बौद्ध, बौद्ध कसलाई भनिन्छ ? र बौद्ध हुनुको सार्थकता बारे सहज ब्याख्यान गर्नुभएको थियो । कार्यक्रमको शुरू र अन्तमा प्रज्ञारत्न बज्राचार्यबाट ज्ञानमाला भजन गायन भएको थियो । कार्यक्रमलाई बौद्ध धर्म सेवा समितिका सदस्य खड्ग राईले स्वागत गरेको थियो भने कार्यक्रम संचालन सचिव मनोज थापाले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय व्यक्तित्वहरूको पनि उपस्थिति थियो । भिक्षुहरूको प्रत्यक्ष संलग्नतामा यसप्रकार भएको यो कार्यक्रम गोरखाको लागि नौलो मात्र नभै ज्ञानवर्धक रहेको चर्चा उपस्थितजनहरूको थियो ।

स्थानीय जाँगरिला र जागरूक युवा बौद्धहरूको आग्रह अनुसार प्रस्तावित बौद्धस्तूप निर्माणस्थल निरीक्षणको लागि दिउँसो १ बजेतिर निस्क्यौं । नजिकै होला भन्ने अनुमान यस पंक्तिकारको थियो तर निक्कै टाढा पस्लाङ्ग डाँडोमा रहेछ । पस्लाङ्ग डाँडो गोरखाको ऐतिहासिक डाँडो हो । गोरखामा मोटरबाटो खुल्नु अगाडि गोरखा आउने मूल बाटो मात्र नभै छेपेटार गामवेसी गर्ने मूल थलो पनि यही थियो । यो ठाउँबाट गोरखा बजार सारै आकर्षक देखिने मात्र नभै उत्तरको हिमाली श्रृँखला र तलको दरौंदी फाँट छर्लङ्ग देखिन्छ । यही डाँडोको नाकमा युवाहरूले जग्गा हेरेका रहेछन् । ठाउँ रमणीय छ, तर जग्गा उपलब्ध हुन सक्ने नसक्ने प्रयत्नमै निर्भर रहने देखिन्छ ।

पस्लाङ्ग डाँडोको प्रस्तावित जमीन हेरे पछि हामी डाँडोको नाकै नाक भएर कालिकाथान पृथ्वीनारायण शाहको दरबार भएतिर उक्ल्यौं । एक डेड घण्टामा हामी कालीकाथान पुग्यौं । कालिकाथान पुग्न व्रै एउटा डाँडोमा रामशाहको शालीक छ । वर्ष दुई वर्ष अगाडि आउँदा रामशाहको उपरोक्त शालीक विभत्स थियो । हातको एउटा पाटो उप्किएको । अनुहार कुच्चिएको । तरवारको म्यान मात्र रहेको तलवार नरहेको । कोखतिर छेड पारेका । औंलाहरू कुच्चिएका थिए । यो पटक जिर्णोद्धार अर्थात् पुन:निर्माण गरी आकर्षक तुलयाइएको रहेछ । त्यसस्थानबाट कालिका मन्दिर, गोरखा दरबार पुग्न धेरै समय लागेन । तर दरबार पुगेपछि धेरै बेर बस्न पनि सकेनौं । एक त शनिवार, त्यसमाथि पनि अष्टमी परेको हुँदा टाढा टाढाबाट पनि भक्तजनहरू बलि चढाउन आउने रहेछन् । दरबारको तल सिंढीदेखि रक्त कोषहरू छ्यालब्याल थिए । अधिकांश साथीहरू मूल ढोकाबाट भित्रसम्म नपसी फर्किए पनि ।

दिउँसो ३/४ घण्टाको हिंडाइले थाकेर एकछिन होटेलमा आराम गर्‍यौं । बेलुकी ७ बजबाट धर्मकथा वाचनका साथै ज्ञानमाला भजनको कार्यक्रम थियो । अध्यक्ष मोहनरत्न शाक्यले निर्धारित समयमै खबर दिन आइपुग्नुभयो । यो पटक पोखरीथोक महादेवथान अगाडि नै कार्यक्रम राखिएको रहेछ । बजारमै भएको हुँदा विहानको उपेक्षा उपस्थिति पनि धेरै थियो । यो पटक कार्यक्रम पोखराबाट गएका हामीले संचालन गर्‍यौं । ज्ञानमाला भजनबाट कार्यक्रम शुरू भयो । भिक्षु श्रद्धानन्दले धर्मकथा सुनाउनु भयो । भिक्षु श्रद्धानन्दले



Downloaded from http://www.dhamma.digital

बौद्ध कर्मवाद र बलि प्रथा जस्तो अकुशल कर्म बारे प्रकाश पार्नुभयो । कार्यक्रमको बीच र अन्त्यमा पनि ज्ञानमाला भजन भयो । प्रज्ञारत्न बज्राचार्यले गाउनु भएको नेवारी ज्ञानमाला युवा वर्गले कमैमात्र बुझेको अनुभव भयो । बेलुकी १० बजेतिर कार्यक्रम समापन भयो ।

भिक्षुहरूको प्रत्यक्ष संलग्नतामा भएको यस कार्यक्रमले गोरखाका युवा बौद्धहरूलाई ठूलो प्रेरणा जगाएको र आत्मबल बढाएको अनुभव त्यहाँ उपस्थित सबैलाई भयो । भोलिपल्ट विहान हामी सातजना पोखरा फर्क्यौं भने भिक्षु विशुद्धानन्द गोरखाबाट सोझै काठमाडौं लाग्नु भयो । गोरखाका युवा बौद्धहरूबाट मैत्रीपूर्वक जसरी कार्यक्रममा सहभागी बने उनीहरूको मैत्रीभावबाट मैत्री संघ, पोखरा कृतघ्न भएको छ ।

■

# मानवको महान पर्व

✍ मायादेवी महर्जन, नयाँबजार

सिद्धार्थ गौतम बुद्ध जन्म भएको
आजै हो शुभ दिन बुद्धको
सदाचारी भै स्वागत गरौं
हर्षको गीत गुञ्जाई हामी मनाऔं

सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान प्राप्त गरेको
आजै हो शुभ दिन बुद्धको
हामी नेपालीहरू सबै मिलौं
बुद्धको शरणमा हामी जाऔं ॥

सिद्धार्थ गौतम बुद्ध महापरिनिर्वाण भएको
आजै हो शुभ दिन बुद्धको
हामी सबै बुद्धको शिक्षा बोकी
पञ्चरंगी झण्डा फरफराऔं ॥

यही तीन महान-महान पर्व दिन मनाएको
आजै हो शुभ दिन बुद्ध धर्म र संघको
पच्चीस सय एकचालीस वर्ष लागेको
बुद्ध पुर्णिमा भनेर हामीले मनाएको ॥

■

# भगवान बुद्धयात देछा

✍ संगीता श्रेष्ठ
सुचिकागल्ली, यें

सिद्धार्थ गौतमया लुम्बिनी वनस जन्म का:म्ह छम्ह मनू
गौतम बुद्धया नामं कुशिनगरस निर्वाण जुयाव वन
नश्वर शरीरं संसार त्व:तावंगु ख:सां तबि
लँ-क्यंमि जुया: सकलसिया नुगले म्वाना हे च्वन ।

बाणं कया: घा:पा: जूम्ह राजहंशया पीडा खना:
नुग: हिइसे च्वंगु वा: चायेकल
बोधिगयाया सिमाक्वे ध्याने च्वं च्वं
ज्ञानया जलं नुग: मिखा चायेकल

आध्यात्मिक सन्तुष्टि हे परम सुख तायेका:
कत:या उदारय् थ:गु जीवन फ्यानाबिल
सकभनं चा:ह्यूह्यूं ज्ञानया उपदेश न्येंका:
विश्वय् "शान्तिया दूत" धका: नामं जाल ।

हिंसा व क्रान्तिया पलेसा शान्ति न्ह्यब्वया:
प्राणी जगतयात सुखया लँपु क्यना:
मनू खया: नं भगवान जुया वंम्ह
सिद्धार्थ गौतम, भगवान बुद्धयात
कोटी कोटी प्रणाम ।

भगवान् बुद्धया नामे छचों क्वछुका:
प्रतीज्ञा याना ज्ञानी जुइ धका थौ
बुद्धं सरणं गच्छामि !
धम्मं सरणं गच्छामि !
संघं सरण गच्छामि !

■

हावा चलेको दिशातिर धूलो फ्याँक्दा त्यो धूलो आफैं माथि पर्न आएझैं; निर्दोषी, शुद्ध र क्लेश रहित पुरुषलाई गरिएका दोषारोपणको प्रतिफल पनि आफैं माथि आइपर्दछ । - धम्मपद



Downloaded from http://www.dhamma.digital

# सिद्धार्थको बाल्यकाल

✍ भिक्षु बुद्धदास

– अनुवादकः भिक्षु विपस्सी

आज भन्दा २६०० वर्ष अगाडि हिमालय मुनिको फाँटलाई जम्बुद्वीप भनिन्थ्यो । त्यहाँ अनेक साना-ठूला अधिराज्यहरू तथा गणराज्यहरू थिए । ती अधिराज्यहरूमा राजाहरू तथा गणराज्यहरूमा गणपतिहरू शासन गर्दथे । त्यहाँ हिमालय नजिकै राप्ती नदीको किनारमा शाक्य जातिको कपिलवस्तु भन्ने राज्य थियो । यसको राजधानी कपिलवस्तु नगर थियो । गौतम थर भएका शुद्धोदन यहाँको राजा हुनुहुन्थ्यो । महामायादेवी राजा शुद्धोदनकी महारानी थिइन् ।

राजा शुद्धोदन तथा महारानी महामायादेवीको विवाहित जीवनको धेरै दिनपछि मात्र महामायादेवी गर्भवती भइन् । सुत्केरी हुने दिन नजिकै आउँदा राजासित उनले माइती देवदह नगर जानको लागि अनुमति मागिन् । राजाले खुशीसाथ अनुमति दिई महारानी सवारी हुने बाटो-घाटो पनि सजाउन लगाउनु भयो ।

कपिलवस्तु र देवदह नगरका बीचमा लुम्बिनी भन्ने बगैंचा थियो । यहाँको शालवृक्षको घारीमा दुबै देशका मानिसहरू डुल्न आउँथे । यहाँका रूख बिरूवाहरूमा टम्म फूल फुलेका थिए । भमराहरू फूलका रस लिइरहेका थिए । चराचुरुङ्गीहरू मधुर स्वर गुँजाइरहेका थिए ।

महारानी महामायादेवी लुम्बिनी बगैंचामा शुक्रवार वैशाख पूर्णिमाको दिन पुग्नुभएको थियो । महारानीले त्यहाँको शीतल छायामा केहीछिन डुल्न चाहिन् । तसर्थ लावालस्करलाई आज्ञा दिई त्यहाँ डुलि रहनुभयो । धेरै बेर न बित्दै त्यहाँ महामायादेवीले एउटा शाल वृक्षमुनि एउटा पुत्ररत्न जन्माउनु भयो ।

राजा शुद्धोदनले आफ्नो राजकुमारलाई ऋषिबाट आशीर्वाद दिलाउन चाहनुभयो । तसर्थ राजकुमारलाई ल्याउन लगाई ढोगाउन खोज्नुहुँदा ऋषिले राजकुमार अति पुण्यवान भएको लक्षण देख्नुभयो । अनि ऋषि सारै खुशीभएर हाँस्नुभयो । तर फेरि अलि अलि गर्दै मुख निन्याउरो पार्नुभई आफ्ना आँखाबाट आँसु बगाउन थाल्नुभयो । राजा शुद्धोदनलाई यो देखेर आश्चर्य लाग्यो । ऋषिले भन्नुभयो – यो राजकुमारमा महापुरुषको लक्षण छ । अति पुण्यवान हुनुहुन्छ । पछि ठूलो ज्ञान पाई शास्ता हुनुहुनेछ । तर के गरूँ ? म अभागी छु । म अहिले नै बूढो भइसकेकोले उहाँको उपदेश सुन्न पाउने छैन । यसकारणले म हाँसेको र रोएको हुँ । यति भनी ऋषि आफैले राजकुमारलाई दण्डवत गर्नुभयो ।

राजकुमार जन्मेको पाँचदिन भयो । राजाले आफ्नो दरबारको प्रासादमा विद्वानहरूको भेला गर्न लगाउनुभयो । राजकुमारलाई नामकरण गर्नुको लागि भेला भएका ती विद्वानहरूले राजकुमारलाई “सिद्धार्थ” भनी नाम राखे । सिद्धार्थको अर्थ आफूले चाहेको सिद्ध (पूर्ण) हुनु हो । ती विद्वानहरूले पनि राजकुमारमा शुभ लक्षणहरू देखे । सबैले भविष्यवाणी गरे – यदि यो राजकुमार राज्यमा बस्नु भए पछि महान सम्राट हुनुहुने छ । तर दरबार छोडी प्रव्रजित हुनुभएमा विश्वभरका शास्ता हुनुहुनेछ । तर तीमध्ये कौण्डन्य नामको एक ब्राह्मण विद्वानले ठोकुवा गरेर भने – “सिद्धार्थ कुमार ठूलो भएपछि सम्पूर्ण राज्य छोडी प्रव्रजित हुनुहुनेछ; संसारभरका महानतम शास्ता (गुरु) नै हुनुहुनेछ ।”

सिद्धार्थ ठूलो भएपछि महान सम्राट हुनुहुने कुराले राजा शुद्धोदन तथा भारदारहरूका साथै दुनियाँ पनि खुशी भए । तर राजा शुद्धोदन भने राजकुमारले राजपात छोडेर संसारभरका शास्ता हुने कुराले चिन्तित हुनुभयो । किनभने वहाँ चाहनुहुन्थ्यो – “राजकुमार गृहस्थमा बसुन् । छोराछोरी पाउन् । जसले गर्दा दरबार आबाद हुनेछ ।”

नामाकरण भएको दुई दिनपछि सिद्धार्थकी आमा महामायादेवीको देहान्त भयो । महारानीको देहान्त भएकोमा सबैले शोक गरे । शुद्धोदन राजाले सबभन्दा



Downloaded from http://www.dhamma.digital

बढी शोक गर्नुभयो । किनभने महामायादेवी अति उच्चकुलीन थिइन् । स्त्रीहरू मध्येमा सर्वाधिक गुणवती थिइन् ।

महामायादेवीको देहान्तपछि राजा शुद्धोदनले सिद्धार्थ कुमारको पालन-पोषण गर्ने जिम्मा राजकुमारकी सानी आमा हुनुभएकी महाप्रजापति गौतमीलाई दिनुभयो । महाप्रजापति गौतमीले राजकुमार सिद्धार्थलाई आफ्नै छोरा जस्तै पालन-पोषण गर्नुभयो । सिद्धार्थले आफ्नो आमाको मुख हेर्न पाउनु भएको थिएन ।

यसरी सानी आमा प्रजापति गौतमीको लालन-पालनद्वारा राजकुमार सिद्धार्थ क्रमश: हुर्कनुभयो । वहाँको शरीर हृष्टपुष्ट भयो । उहाँको मुहार देख्ने सबैजनालाई राम्रो लाग्दथ्यो । वहाँ आठ वर्षका हुँदा राजा शुद्धोदनले अनेक विद्यामा पारंगत गुरुहरू दरबारमा लगाई राजकुमारलाई पढ्ने लेख्ने तथा गणित इत्यादि सिकाउन लगाउनु भयो ।

अनेक विद्यामा निपुर्ण गुरुहरूको निर्देशनमा बसेर सिद्धार्थ राजकुमार धेरै विद्यामा छिट्टै पारंगत हुनुभयो । यसले गुरुहरू सहित सबैजना आश्चर्य चकित भए । कुनै पनि विषय सिक्नु वहाँलाई गाऱ्हो पर्दैनथ्यो । एकचोटी मात्र सिकेको कुरो पनि याद राख्न सक्नुहुन्थ्यो । वहाँ विद्या पढ्नुमा सारै चलाख हुनुहुन्थ्यो । पढेको बिर्सनु हुन्नथ्यो ।

## सिद्धार्थको राम्रो व्यवहार

सिद्धार्थ कुमार आफ्नो राजपितापछि राज्य सम्पत्तिका अधिकारी हुनुहुन्थ्यो । तर पनि आफू शिष्यको हैसियतले आफ्ना गुरुहरूलाई मान-मर्यादा गर्न छोड्नु भएन । उहाँ सोच्नुहुन्थयो – गुरुहरूबाट अमूल्य ज्ञान अर्थात विद्या पाउँछौं । यस्ता गुणिला गुरुहरूप्रति कृतज्ञ हुनुपर्दछ ।

शारीरिक बलमा पनि राजकुमार सिद्धार्थ बुद्धि र व्यवहारमा भन्दा कम हुनुहुन्नथ्यो । वहाँ सोमतिला हुनुका साथै धेरै आँटिला पनि हुनुहुन्थ्यो । आफ्ना देशका विभिन्न खेलकूल प्रदर्शनीमा वहाँ संधै अगाडि पर्नुहुन्थ्यो । वहाँ एक साहसिला घोडसवार पनि हुनुहुन्थ्यो । रथ हाक्नमा पनि सानै उमेरदेखि सिपालु हुनुहुन्थ्यो ।

रथ हाँक्ने प्रतियोगितामा उहाँले देशको सर्वोत्तम पद पाउनुभएको थियो । तर बाजिमा खुब जोरसंग हाक्नु भए पनि वहाँ आफ्ना घोडाप्रति दयालु हुनुहुन्थ्यो । आफ्नो जीतको लागि उसको क्षमताभन्दा बढ्दा दगुराउनुभन्दा त बरू आफ्नै हार जाति मान्नुहुन्थ्यो ।

राजकुमार सिद्धार्थ आफ्नो घोडालाई मात्र दया राख्नुहुन्नथ्यो । वहाँ सम्पूर्ण प्राणीहरूप्रति पनि दया-करूणा राख्नुहुन्थ्यो । वहाँ राजकुमार हुनु भएकोले कहिल्यै कुनै किसिमको दु:ख अनुभव गर्न नपरेता पनि अरू-अरू प्राणीहरूको दु:खमा आफू पनि दु:खी हुनुहुन्थ्यो । वहाँको धारणा थियो, सबै प्राणीहरू चाहे मनुष्य होस् वा अरू जोसुकै होस्, सबैजना सुख चाहन्छन् । कोही पनि दु:ख चाहँदैनन् ।

राजकुमार सिद्धार्थ आठ वर्षका मात्र हुनुभएको थियो । अन्य प्राणीहरूलाई दु:ख कष्ट हुने सबै व्यवहार बाट संधै पछि हट्नुहुन्थ्यो । यदि कोही दु:ख कष्टमा परेको देखेमा तिनीहरूलाई छुट्कारा दिलाउने कोशिस गर्नुहुन्थ्यो ।

एकदिन राजकुमार सिद्धार्थ अरू-अरू कुमार हरूसंग दगुर्दै खेल्दै हुनुहुन्थ्यो । तिनमा एकजना अर्को राजकुमार पनि थियो । उसको नाम देवदत्त थियो । देवदत्त सिद्धार्थका काकाको छोरो हो । तापनि बानी-बेहोरा भने दुईजनामा निक्कै फरक-फरक थिए ।

राजकुमार सिद्धार्थको मन साऱ्है नरम र दयाले भरिएको थियो । वहाँ कहिल्यै कसैलाई दु:ख दिनु हुन्नथ्यो । वहाँ कसैले अरूलाई दु:ख दिएको हेर्न पनि सक्नु हुन्नथ्यो । वहाँ दु:खीको सेवा गर्न संधै तत्पर रहनुहुन्थ्यो । तर देवदत्तको बानी भने यसको उल्टो थियो । ऊ प्राणीहरूलाई काटमार गरेर फाल्दथ्यो । त्यसदिन पनि ऊ धनुष र बाण लिएर आएको थियो । उसले आकाशमा उडिरहेको एउटा हाँसमाथि ताकेर बाण हान्यो । बाण त्यो हाँसको पखेटामा लाग्यो । हाँस दु:खेकोले छट्पटाई सिद्धार्थको अगाडि झ्वाट्ट खस्यो । हाँस रगताम्य थियो ।



Downloaded from http://www.dhamma.digital

राजकुमार सिद्धार्थ हतार हतार दगुरेर गई त्यो हाँसकहाँ पुग्नुभयो । हाँसलाई बिस्तारै उठाई अंकमाल गरी प्वाँखमा लागेको बाण जतनपूर्वक निकाल्नुभयो । रगत बगेको रोक्न शीतल रस भएको रूखपात घाउमा लगाइदिनु भयो । वहाँले त्यो हाँसलाई सुम्सुम्याउनु भयो । यसरी आफूले बाण हानेर खसालेको हाँस लिएको देखी देवदत्तलाई सार्है रिस उठ्यो । अनि उसले सिद्धार्थसंग त्यो आफूले बाण हानी खसालेको हाँस माग्यो ।

राजकुमार सिद्धार्थले त्यो घायल हाँस देवदत्तलाई दिन मान्नु भएन । सिद्धार्थले भन्नुभयो – "यदि हाँस मरेको भए पो मार्नेले पाउँछ । तर यो त जिउँदै छ । त्यसैले यसको अधिकारी त यसलाई बचाईराख्ने हो ।" देवदत्तले जिद्दी गर्दै भन्यो – "यो हाँस मेरै हुन्छ । यसलाई मैले आफ्नै हातले बाण हानेर खसालेको हुँ ।" अन्तमा सिद्धार्थले भन्नुभयो – "यो झगडा देशका विद्वानहरूको सभाबाट नै फैसला गराउनु असल होला ।" यो कुरो देवदत्तले पनि मान्यो ।

फैसला गरिने सभामा त्यो दिन यो हाँसको मुद्दा पनि आयो । यसबारे सभामा धेरै वाद-विवाद भयो । केही विद्वानहरू एकथरीका विचार राख्दथे भने अरूहरू भिन्नै थरीका विचार राख्दथे । एकजना विद्वानले भने – "हाँस राजकुमार सिद्धार्थको हुनुपर्छ, कारण सिद्धार्थको विचार जीवन बचाउनु हो ।" अर्को विद्वानले भने – "हाँस देवदत्तको हुनुपर्दछ । किनभने त्यो हाँस देवदत्तले हानेर खसालिएको हो ।" यसरी विभिन्न विद्वानहरूले आ-आफ्ना तर्कहरू अगाडि राखेकाले सभा टुंगिएन । अन्तमा एकजना युवा विद्वान सभासदले उठेर ठूलो स्वरले भने – "सत्यत: जीवनको अधिकार भनेको बचाउन खोज्नेको हुन्छ । त्यसो हुनाले जीवनलाई नाश गर्न खोज्नेको बिल्कुल हुँदैन । यो घायल हाँसको बारेमा न्यायपूर्वक बोल्दा यसको जीवन रक्षा गर्न खोज्ने पक्षको मात्र हुन्छ । तसर्थ यो हाँसलाई बचाउन खोज्नेको अर्थात सिद्धार्थ कुमारको होस् ।"

युवक विद्वानको तर्क संगत कुरालाई सभासदले स्वीकृति दियो । अर्थात् सिद्धार्थले बचाउन खोजेको हुँदा त्यो हाँस सिद्धार्थलाई नै दिने निर्णय भयो । राजकुमार सिद्धार्थले हाँसलाई खूब माया गरी घाउ निको नहुञ्जेलसम्म पालेर पछि त्यसलाई आकाशमा छोडिदिनु भयो । त्यो हाँस जंगलको ठूलो तथा गहिरो पोखरीमा गई आफन्तहरूसंग सुखपूर्वक बस्नगयो । त्यस दिनदेखि देवदत्तले राजकुमार सिद्धार्थ उपर प्रतिशोध लिने भावना लिएको थियो । ■

क्रमश:

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू –**

**क्र.सं. २६४**

**प्रकाशमान गुभाजु**
**मोहरीया टोल, पोखरा**
**रु. १०००/–**

**क्र.सं. २६५**

**सत्यराजा मानन्धर**
**चागल, काठमाडौं**
**रु. १०००/–**

**क्र.सं. २६६**

**श्रीमती इन्दु जोशी**
**ज २-५२७ नयाँ बजार**
**पो.ब. २५३१, काठमाडौं, नेपाल**
**रु. १०००/–**

**क्र.सं. २६७**

**जगतमाया मानन्धर**
**चसान, काठमाडौं**
**रु. १०१०/–**

**क्र.सं. २६८**

**नव प्रभात मा.वि.**
**नयाँबजार, वडा नं. ९, पोखरा**
**रु. १०००/–**

**क्र.सं. २६९**

**श्रीमती माणिकलक्ष्मी तुलाधर**
**न्यत पाचो: यें**
**रु. १०००/–**

■



Downloaded from http://www.dhamma.digital

# पुस्तक समिक्षा

संकलक र सम्पादकहरू : **हरिहर राज जोशी र श्रीमती इन्दु जोशी**
पृष्ठ १०० (सय), सुन्दर छपाई, मुद्रण-नेपाल प्रेस, न्यूरोड
प्रकाशक : The Nepal Studies : Past & Present
Ja 2-527 Naya Bazar
GPO Box 2531, Kathmandu

## "BUDDHA SAKYAMUNI'S BIRTH-PLACE IN THE NEPALESE TARAI"

प्रस्तुत पुस्तकमा लुम्बिनी र कपिलवस्तुको बारेमा IX-Chapter र Two letters on the Discovery of Lumbini Pillar सम्बन्धि लेखहरू पनि समावेश भएका छन् ।

"Buddha Sakyamuni's Birth Place in the Nepalese Tarai" शिर्षक राखिएको पुस्तक पुरातत्त्वविद Dr. A. Fuhrer ले शाक्यमुनी बुद्धको जन्मस्थान प्रमाण सहित पत्ता लगाई आजभन्दा १०० वर्ष अगाडि सन् १८९६ मा लेखिएको खोजपूर्ण लेखहरूको समूह हो । यसको साथसाथै Dr. A Fuhrer र General Khadga Sumsher Rana को संयुक्त प्रयासमा Khadga Shumsher Rana बाट लिखित Buddhist Archaeology in the Nepal Tarai भन्ने अर्को खोजपूर्ण लेख पनि यसमा समावेश भएको पाएँ ।

यस पुस्तकमा उत्खनन् पछि प्राप्त भग्नावशेषहरू र अशोक राजाद्वारा स्थापित शीला स्तम्भहरूको प्रमाणको आधारमा पत्ता लगाईएको शाक्यमुनी बुद्धको जन्मस्थान लुम्बिनी, शाक्यहरूको राजधानी कपिलवस्तु (नेपालको तराईमा) र बुद्ध सम्बन्धी अरू पनि बिभिन्न प्रमाणित लेखहरू समावेश छन् । यस पुस्तकले आजभोली कपिलबस्तुको बारेमा मानिसहरूमा फैलिरहेको भ्रमलाई निवारण गर्न मद्दत गर्नेछ । त्यसैले शाक्यमुनी बुद्धको बारेमा सत्य तथ्य थाहा पाउन इच्छुक पाठक बर्गका लागि यस पुस्तक सान्दर्भिक हुने आशा राख्दै यस्तो महत्त्वपूर्ण पुस्तकलाई प्रकाशनमा ल्याउने **"The Nepal Studies : Past and Present"** लाई बधाई दिन चाहन्छु । यस पुस्तक प्रकाशनको शिलशिलामा बुद्ध सम्बन्धि सत्य बिषयहरू बारे १०० बर्ष अगाडि लेखिएका लेखहरूलाई संकलन र सम्पादन गरी यसलाई जनमानसमा ल्याउनका लागि विशेष भूमिका निभाउनु हुने प्रमुख सहकर्मिहरू हरिहर राज जोशी र श्रीमती इन्दु जोशी दुबैजना बधाईका प्रमुख पात्रहरू हुनुहुन्छ ।

तथाकथित घटनाहरूलाई भन्दा प्रमाण सहतिको सत्य घटनाहरूलाई पाठक वर्गले बढि रूचाउने स्वभाविक हो । त्यसैले बुद्धकालिन संक्षिप्त घटनाहरूलाई अशोक महाराजाको सत्य र तथ्यपूर्ण शिलालेखहरू र भग्नावशेषहरू प्रमाण स्वरूप अगाडि राखिएको यस पुस्तक अध्ययन गर्ने पाठक वर्गले बुद्धलाई एक महामानवको रूपमा र बुद्ध शिक्षालाई सभ्य र धार्मिक मानव-जीवन जिउने कलाको रूपमा चिन्न सकोस् भन्ने कामना गर्दछु ।

यस पुस्तकमा उल्लेखित बुद्ध-वचन "अत्त दीपो भव" हुनु पर्नेमा आप्पो दीपो हुन गएको देखिन्छ । त्यसको अर्थ हो आफ्नो भरोसा आफै बन्नु । "आत्म निर्भर बन्नु" ।

✍ मेघदूत



Downloaded from http://www.dhamma.digital

# पुस्तक समिक्षा

लेखक : डा. भीमराव रामजी आम्बेडकर
नेपाली अनुवादक : ललितरत्न शाक्य
प्रकाशक : दायकसभा धर्मशीला बुद्धविहार पोखरा
पृष्ठ ४७४, मूल्य रू. २५०/-

## भगवान बुद्ध र उहाँको धर्म

प्रस्तुत पुस्तकमा डा. आंवेडकर ज्यूले बुद्ध र उहाँको धर्मबारे बडो स्पष्ट र मार्मिक ढंगमा उल्लेख गर्नु भएको छ पुनर्जन्म, कर्मफल, आत्मा, चमत्कारको विषयमा अबौद्ध र बुद्ध धर्ममा कति सम्म फरक छ। शब्द एउटै हो तर अर्थ र धारणा धेरै फरक छ। भिक्षु जीवन के हो ? गृहस्थी उपासकको कर्तब्य के रहेछ, बुद्धले दिनु भएको शिक्षा के हो ? यस बारे राम्रो व्याख्या गरिएको छ । अरू अरू बुद्ध जीवनीमा सिद्धार्थ कुमारको गृहत्याग, दार्शनिक र धार्मिक दृष्टिकोणले चित्रण गरिएको देखिन्छ, जस्तै बुढो, रोगी र मृत्यु देखेर विरक्तिएर कसैलाई केही नभनीकन गृहत्याग गर्नु भएको उल्लेख पाइन्छ भने यस पुस्तकमा राजनैतिक दृष्टिकोणले आमा बाबुको र यशोधरा देवीको अनुमति लिएर गृह त्याग गरेको उल्लेख छ जुन कि शाक्य र कोलिय दुइ राज्य बीच रोहिनी नदीको पानी बाँड फाँड गर्ने बारे लडाइ लड्ने भन्ने शाक्यहरूको निर्णयलाई सिद्धार्थ गौतमले विरोध गर्नु भएकोले तत्कालिन शाक्य राज्यको नियम अनुसार दण्डभोग्नु परेकोले राज्य त्याग गर्नु भएको उल्लेख छ । परम्परा र कट्टरपंथीलाई यो कुरा अपच हुनसक्छ ।

पालि साहित्यमा बुद्धत्त्व प्राप्तपछि बुद्धले शाक्य र कोलिय बीच पानीको झगडा साम्य पार्नु भएको उल्लेख छ। पानीको भन्दा रगतको मूल्य बढी छ भन्ने समझाई दिनु भएकोले झगडा शान्त भएको उल्लेख छ।

वास्तविक बुद्ध धर्म के हो ? भन्ने बुझ्नको लागि "बुद्ध र उहाँको धर्म" पुस्तक अवश्य पढ्नु होला। उक्त पुस्तक धर्मकीर्ति विहारमा पाईन्छ।

प्रस्तुत पुस्तकको परिचय पाउनको लागि भदन्त आनन्द कौसल्यायन महास्थविरले लेख्नु भएको "नम्रनिवेदन भनूं भुमिका भनूं" अवश्य पढ्नु होला।

प्रस्तुत पुस्तकको प्रकाशक दायक सभा धर्मशीला बुद्ध विहार धन्यवादको पात्र बन्नु भएको छ।

✍ मेघदूत

## अभिधर्म पाठ

धम्मवती गुरुमांको ६३ औं बर्षिय जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा सप्ताहव्यापी कार्यक्रम राखी २०५४ असार ३१ गते देखि श्रावण ६ गतेसम्म संचालन हुने गरी अभिधर्म पिटकका ७ वटा ग्रन्थहरू संक्षिप्त रूपमा पाठ गर्ने कार्यक्रम शुरू गरिएको छ ।

**सप्ताहव्यापी कार्यक्रम तालिका**

| मिति | ग्रन्थ | पाठ गर्ने ब्यक्ति वा वाचकहरू |
|---|---|---|
| २०५४ असार ३१ गते | धम्म संगनी | भिक्षुहरू (बुद्धघोष र सुमेध) |
